प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ५३,२७,०८५ कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्कासनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्कासनको लागि तयार गरेको "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो।

हिमालयन पावर पार्टनर लिमिटेड
Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोन: ९७७-१-४००२८०१, फ्याक्स: ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

१ कित्ता शेयर बराबर नयाँ ०.५ कित्ता शेयरको

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्काशन खुल्ला मिति: २०८३/०१/१७ गते
निष्काशन बन्द हुने मिति: २०८३/०२/०६ गते (बैंकिङ्ग समयसम्म)

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने हकप्रद शेयरको निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाण्डौंले मिति २०८२ फागुन २८ (March 12, 2026) गते "CARE-NP BB-(Is)" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँछ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) स्थाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औसत भन्दा कम आधारहरु जनाउँछ। आधारहरूमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो रेटिङ्गको वैधता मिति २०८२/११/२८ गतेदेखि मिति २०८३/११/२१ गतेसम्म रहनेछ। सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा (ब) (पृष्ठ नं. २१) मा उल्लेख गरिएको छ।

रेटिङ्ग प्रदान गरेको मिति : वि.सं. २०८२/११/२८ (मार्च १२, २०२६) रेटिङ्ग बहाल रहने अवधि : वि.सं. २०८३/११/२१ (मार्च ०५, २०२७)

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत प्राप्त मिति २०८२/११/२५ गते, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण दर्ता अभिलेख गरिएको मिति २०८२/१२/०६ गते।

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,०६,५४,१७,०००।- को १ शेयर बराबर नयाँ ०.५ शेयर (१ : ०.५) को अनुपातमा रु.१००।- अंकित दरका ५३,२७,०८५ कित्ता हकप्रद साधारण शेयर मिति २०८२/१२/०९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. कम्पनीको नाम : हिमालयन पावर पार्टनर लिमिटेड (Himalayan Power Partner Limited)।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं.३, महाराजगञ्जमा रहेको छ। आवश्यकतानुसार स्वीकृति लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ।

३. कारोबार स्थान :
यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा., वडा नं ३, महाराजगञ्ज, काठमाण्डौं तथा यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र लमजुङ जिल्लाको बेसीशहर नगरपालिका वडा नं. ११, चितीमा रहेको छ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :
कम्पनीको संक्षिप्त परिचय: कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त ईतिहास देहाय बमोजिम रहेको छ :

(क) नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी सम्भाव्यता अध्ययन, निर्माण र सञ्चालन गर्ने हेतुले नेपाली निजी क्षेत्रका उद्यमीहरु मिलेर हिमालयन पावर पार्टनर लिमिटेड वि.सं.२०६१ साल जेष्ठ २९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको (प्रा.लि.नं.२८७१६/०६०/०६१) रुपमा दर्ता भई कारोबार सञ्चालनमा आएको हो। यस कम्पनीमा व्यापक जनसहभागिता विस्तार गर्ने हेतुले वि.सं.२०७० साल आषाढ २३ मा पब्लिक लिमिटेड कम्पनी (पब्लिक लि.नं. ११८५९/०७०/०७१) मा परिणत गरिएको हो।

(ख) कम्पनीले दोर्दीखोलामा आयोजना निर्माण, उत्पादन तथा सञ्चालन गर्न नेपाल सरकार ऊर्जा मन्त्रालय (तत्काल जलस्रोत मन्त्रालय) बाट मिति वि.सं.२०६८ असार २३ गते विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरेको र उक्त अनुमतिपत्रको अवधि वि.सं.२१०३ असार २२ गतेसम्म बहाल रहनेछ।

(ग) कम्पनीले दोर्दीखोलाको पानी उपयोग गरी २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत आयोजना निर्माण गर्न वि.सं. २०७१ साल पुष महिनादेखि निर्माण कार्य शुरु गरी मिति २०७९ आश्विन १४ गतेबाट निर्माण सम्पन्न भई विद्युत उत्पादन भएको हो। तर नेपाल विद्युत प्राधिकरणबाट विद्युत निर्माण सम्पन्न हुनुपर्ने मस्र्याङ्दी कोरीडोर प्रसारण लाईनको काम सम्पन्न नभएको कारण Contingency Plan (नेपाल विद्युत प्राधिकरणको Dispatch Instruction को आधारमा विद्युत उत्पादन गर्नु पर्ने अवस्था) को शत प्रतिशत क्षमतामा विद्युत उत्पादन गर्न सक्षम भएता पनि व्यापारिक उत्पादन शुरु गरेको मिति १४ आश्विन २०७९ देखि नेपाल विद्युत प्राधिकरणको निर्देशन बमोजिम कम क्षमतामा सञ्चालन गर्नु परेकाले नोक्सानी व्यहोर्नु परेको अवस्था छ। कम्पनीको निरन्तरको प्रयास पछि मिति २०८१/०२/०१ गतेदेखि मात्र वैकल्पिक व्यवस्था परिमार्जन गरी Dispatch Instruction हटाउने व्यवस्था गरिएको छ।

(घ) कम्पनीले निर्माण गरेको दोर्दी खोला जलविद्युत आयोजनाबाट उत्पादन भएको विद्युत खरिद बिक्रि एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने गरी कम्पनी र प्राधिकरण बीच वि.सं. ...

[...]

१४. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- सञ्चालनमा रहेको जलविद्युत केन्द्र भएकोले वित्तीय जोखिम कम रहेको।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने जोखिम रहेको।
- कम्पनीको सम्पूर्ण ऋण चुक्ता भईसकेको कारणले भविष्यमा ब्याजदर बढ्न गएमा कम्पनीको नाफामा संकुचन हुने जोखिम हुन सक्ने।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- जलस्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको।
- निर्माण सम्पन्न भैसकेको यस परियोजनाको मर्मत सम्भार गर्दा चाहिने स्पेयर पार्टसको अभाव हुन गएमा जोखिम उत्पन्न हुने।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम : बजारको जोखिम नरहेको (आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भैसकेको हुनाले यस्तो जोखिम नरहेको। नेपाल विद्युत प्राधिकरण पूर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको)।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Over Run) को जोखिम : आयोजना सम्पन्न भएर सञ्चालनमा रहेकाले आयोजनाको लागतमा वृद्धि हुने जोखिम नरहेको।

(ङ) विदेशी विनिमयको जोखिम : आयोजना सञ्चालनमा रहेको र हाल विदेशी मुद्रामा कारोबार गर्नुपर्ने नभएकोले विदेशी विनिमयको जोखिम नरहेको।

[...]

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

ग्लोबल आइएमई क्यापिटल लि.
Global IME Capital Limited
GROW WITH US

पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com